नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं, नेपाल

## बोलपत्र आव्हानको सूचना

**प्रथम पटक सूचना प्रकाशित भएको मिति: २०७९।०५।३१**

यस आयोगका लागि आर्थिक वर्ष २०७९।८० मा आवश्यक पर्ने स्टेशनरी तथा मसलन्द सामानहरु बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट उल्लिखित कार्य गर्ने इजाजत प्राप्त मूल्य अभिवृद्धि करमा दर्ता भएका स्थायी लेखा नम्बर प्राप्त गरेका र आर्थिक वर्ष ०७७।७८ मा कर चुक्ता गरेका इच्छुक योग्य आपूर्तिकर्ताबाट देहायको शर्तहरुको अधीनमा रही रीतपूर्वकको बोलपत्र आव्हान गरिएको छ।

१. बोलपत्र फाराम खरिद गर्न इच्छुक फर्महरुले सम्बन्धित फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आर्थिक वर्ष ०७९।८० को लागि नवीकरण भएको फर्म वा कम्पनी दर्ताको प्रमाणपत्र, फर्मसँग सम्बन्धित अन्य कुनै कागजात भए सो समेतको प्रमाणित प्रतिलिपि संलग्न गरी यस आयोगको राष्ट्रिय बाणिज्य बैङ्क सिंहदरबार शाखामा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय, सिंहदरवारको कार्यालय कोड नं. ३९१००३५०१ खाता नं.१०००१००२०००१०००० मा राजश्व शीर्षक नं. १४२२९ मा रु. ३०००।– (फिर्ता नहुने गरी) जम्मा गरेको सक्कले बैक भौचर पेश गरी वा यस आयोगमा नगदै जम्मा गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र कार्यालय समयमा बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएका बोलपत्र यो सूचना प्रकाशित भएको ३१ औ दिनको १२:०० बजेभित्र यस आयोगगको नाममा सम्बोधन गरी बोलपत्र पेश गर्नेको नाम, ठेगाना र फोन नम्बर उल्लेख गरी छाप लगाई सिलबन्दी लाहाछाप लगाई कामको विवरण समेत उल्लेख गरी यस आयोगमा दर्ता गराउनु पर्नेछ। दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे बोलपत्रदाता वा निजले अख्तियारनामा दिई पठाएका प्रतिनिधिको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन।

३. बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको कागजात बोलपत्रसाथ पेश गर्नुपर्नेछ।

४. बोलपत्रसाथ सिंहदरबार स्थित राष्ट्रिय योजना आयोगको कार्यालय कोड ३९१००३५०१ मा राष्ट्रिय बाणिज्य बैङ्क सिंहदरबारमा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालयको धरौटी खाता नं १९६०१००१०२०३०००० मा तपसिलमा उल्लेख भए अनुसारको रकम दाखिला गरेको सक्कलै बैङ्क भौचर वा यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरी १२० दिन अवधि (Validity) रहेको सक्कल बैङ्क जमानीपत्र (Unconditional Bid bond) संलग्न गरी पेश गर्नुपर्नेछ।

५. बोलपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उपरोक्त कार्यहरु लगत्तै कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ।

६. बोलपत्र फाराममा अंक र अक्षर दुवैमा लेख्नु पर्ने छ। अंक र अक्षर रकममा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

७. म्याद नाघेको वा रीत नपुगेको बोलपत्रउपर कुनै कारबाही गरिने छैन।

८. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस आयोगमा सुरक्षित रहनेछ।

९. बोलपत्र सम्बन्धी सम्पूर्ण कुराहरु बोलपत्र फारममा उल्लिखित स्पेसिफिकेशन एवं शर्त तथा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम हुनेछ।

१०. बोलपत्र सम्बन्धी सूचना यस आयोगको Website.www.npc.gov.np मा समेत हेर्न सकिनेछ। अन्य थप केही कुरा बुझ्न परेमा कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

| सिं. नं | ठेक्का नं | कार्यको विवरण | बोलपत्र सम्बन्धी कागजात दस्तुर | बोलपत्र जमानत रकम रु | बोलपत्र पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | ०१/NPC/NCB/ २०७९।८० | स्टेशनरी तथा मसलन्द समानहरु | रु ३,०००।- | १,७०,०००।- | २०७९।६।३१ गते १२:०० बजे सम्म | २०७९।६।३१ गते दिनको २:०० बजे |